बाणगङ्गा मासिक बुलेटीन

वर्षः२०७८ अंकः२ महिनाः असार पानाः १३

बाणगङ्गा नगरपालिकाको आ.व.२०७८।०७९ को बजेट तथा कार्यक्रम सम्पन्न

मितिः२०७८ असार ०९ गते बुधबारका दिन बाणगङ्गा नगरपालिकाको ९ औं नगरसभाको दोस्रो बैठकबाट आगामि आ.व.२०७८।०७९ को बजेट तथा कार्यक्रमहरु पारित गरि सार्वजनिक गरियो । नगरका उप-प्रमुख चक्रपाणी अर्यालले आव ०७८/०७९ को बजेट भाषण मार्फत उक्त बजेट सावर्जनिक गर्नुभएको हो ।

नगर उपप्रमुख श्री चक्रपाणी अर्यालयले नेपालको संविधानमा उल्लेखित राज्यको निर्देशक सिद्धान्त, संघिय र प्रदेश सरकारको नीति तथा कार्यक्रम, आवद्यिक योजना, दिगो विकासका लक्ष्य, विभिन्न ऐन, कानून, नियम र कार्यविधीहरुबाट निर्देशित हुँदै यस नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रमलाई मध्येनजर राख्दै आर्थिक वर्ष २०७८।०७९ को बजेट प्रस्तुत गर्नुभएको हो ।

यस नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ मा संघ र प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण, सशर्त अनुदान, राजस्व बाँडफाँड, समपुरक अनुदान, विशेष अनुदान, मौज्दात रकम, आन्तरिक आय र लागत सहभागिता समेतबाट रु.१अर्ब २८ करोड ३२लाख ४८ हजार ४ सय ८० हुने अनुमान गरिएको छ । सो आय रकमबाट चालु खर्च तर्फ रु ८७ करोड २१ लाख १३ हजार रहेको छ । जसमा कार्यालयको संचालन र प्रशासनिक खर्चका लागि रु १५ करोड ८७ लाख ४६ हजार रकम खर्च हुने अनुमान गरिएको छ । सामाजिक सुरक्षा कार्यक्रमका लागि रु २५ करोड विनियोजन भएको छ । त्यसैगरी क्षेत्रगत बजेट विनियोजन अनुसार आर्थिक विकास तर्फका कार्यक्रमका लागि रु ६ करोड ७९ लाख ९८ हजार, सामाजिक विकास तर्फ शिक्षा स्वास्थ्य र सामाजिक सुरक्षा समेत रु ७२ करोड ५५ लाख ७५ हजार ४ सय ८०, भौतिक पूर्वाधार तर्फ रु ३१ करोड ९७ लाख

सि.नं.	शीर्षक	विनियोजन	प्रतिशत
१	आर्थिक विकास	६७९९८	५
२	सामाजिक विकास	७२५५७४	५७
३	पूर्वाधार विकास	३१९७०४	२५
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१२७०५	१
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१५८७४६	१२

बाँकी २ पेजमा

सम्पादकीय

स्थानीय सरकार जनताले छुन देख्न र अनुभूत गर्न सक्ने नजिकको सरकार हो । यसले गर्ने सेवा प्रवाह तथा विकास निर्माणमा आम जनसमुदायको संलग्नता, स्वामित्व र अपनत्व अपरिहार्य मानिन्छ । यसका लागि सुसूचित नागरिक, सरल र पारदर्शी कार्यप्रक्रिया तथा सेवाग्राही मैत्री कार्यशैली एवं संस्कार लाई पूर्व शर्तको रुपमा लिईन्छ । यहि वास्तविकतालाई संस्थागत गर्न गत महिना देखि नगर मासिक बुलेटिन प्रकाशनको अभियानको निरन्तरताको रुपमा यो दोस्रो अङ्क प्रकाशन गर्न लागिएको हो ।

यस अवधीमा नगरपालिकाले सम्पादन गरेका प्रमुख एवं महत्वपूर्ण कार्यहरुलाई यो अङ्क समाविष्ट गरिएको छ । यो अवधीमा विभिन्न योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका साथै आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रमको तयारी र त्यसको स्वीकृती पश्चात सार्वजनिकिकरण गर्ने काम समेत भएको छ । बजेट, नीति तथा कार्यक्रमको पूर्व तयारी देखि त्यसको सार्वजनिकीकरण सम्म विभिन्न ढङ्गले अमूल्य योगदान पुर्‍याउनुहुने जनप्रतिनीधी, राजनीतिक दलका प्रतिनीधिज्यूहरु, नगरका विशिष्ट व्यक्तित्व, संचारकर्मी, कर्मचारीहरु र समस्त नगरवासी धन्यवादका पात्र हुनुहुन्छ ।

यसै गरी चालु कार्यक्रम र योजनालाई गुणस्तरीय रुपमा सम्पादन गर्न तथा आगामी आ.व.का योजना तथा कार्यक्रमको सफलीभूत कार्यान्वयनका लागि तपाइँ सम्पूर्ण सरोकारवालाहरुको सार्थक, सुझाव एवम् रचनात्मक साथ, सहयोग एवम् सहभागिताको अपेक्षा गर्दछु । साथै आगामी दिनमा नगरले सम्पादन गरेका महत्वपूर्ण कार्यहरुलाई यसै गरी पारदर्शिताको मर्म अनुरूप सक्रिय सार्वजनिकीकरण गर्दै जाने प्रतिबद्धता पनि व्यक्त गर्दछु ।

बासुदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत

बाणगङ्गा नगरपालिकाको.....

४ हजार, वन वातावरण तथा विपद् व्यवस्थापनतर्फ रू ३ करोड ४१ लाख, सुशासन तथा संस्थागत विकास तर्फ रू १ करोड १२ लाख २५ हजार विनियोजन भएको छ । सोही बजेट अन्तरगत वडा स्तरिय योजनाका लागी रु १२ करोड ५० लाख रकम छुट्याई न्यूनतम रु.५० लाख र बाँकी वडाको क्षेत्रफल, जनसंख्या, भौगोलिक अवस्था, राजश्व असुलीको आधारमा अंकभार कायम गरी सुत्रको आधारमा संतुलित बजेट विनियोजन गरिएको जानकारी गराउनु भएको थियो ।

चालु आर्थिक वर्षको आन्तरिक आम्दानीको समिक्षा गर्दा प्रस्तावित आय रू.४ करोड ७३ लाख ९३ हजार ४ सय ६५ अनुमान गरिएकोमा २०७८ जेष्ठ मसान्तसम्म रू.३ करोड १७ लाख ४५ हजार ८ मात्र असुली भई ६७ प्रतिशत आन्तरिक आयतर्फको लक्ष्य हासिल गरिएको छ भने कुल बजेट रू.१ अरब १८ करोड ३५ लाख ६५ हजार ४ सय ३० मध्ये जेष्ठ मसान्तसम्म कुल बजेट रू १ अरव २१ करोड ३८ लाख ८० हजार ४ सय ५ प्राप्त भएको छ ।

चालु आर्थिक वर्षको खर्चको संक्षिप्त समिक्षा गर्दा प्रस्तावित आय रू.१ अरब १८ करोड ३५ लाख ६५ हजार ४ सय ३० अनुमान गरिएको मध्ये २०७८ जेष्ठ मसान्तसम्म रू.४६ करोड १७ लाख ५ हजार चालु खर्च र रू.२२ करोड ५२ लाख ८८ हजार पुँजिगत खर्च भई ५८ प्रतिशत बजेट खर्च भएको जानकारी सभामा दिनु भयो । उहाँले "सम्बृद्ध बाणगङ्गाको मूल आधार कृषि, पर्यटन, वातावरण, पूर्वाधार र रोजगार" को मूल नारालाई मूर्तरुप दिन भरपर्दो सर्वसुलभ, गुणस्तरीय सेवा तथा सुविधा नगरवासीहरुलाई उपलब्ध गराई उनीहरुको जीवनस्तरमा क्रमिक सुधार ल्याउन नगर सरकार दृढ संकल्पित रहेको समेत वताउनु भएको छ ।

बाणगङ्गा नगरपालिकाको नवौं नगरसभाको दोस्रो बैठकको नगरसभाको अध्यक्षता नगर प्रमुख मंगल प्रसाद थारूले गर्नु भएको थियो ।

आ.व.२०७८।०७९ का बजेटका मुख्य विशेषताहरु

बाणगङ्गा नगरपालिकाको आ.व.२०७८।०७९ को लागि कूल बजेट १ अर्व २८ करोड ३२ लाख ४८ हजार ४ सय ८० रहेको छ । जसमध्ये

- संघीय सरकारवाट अनुदान ६३ करोड ६६ लाख
- प्रदेश सरकारबाट अनुदान ४ करोड ८२ लाख २१ हजार
- राजस्व बाँडफाँडबाट प्राप्त २२ करोड ६७ लाख ६२ हजार ४ सय ८०
- आन्तरीक श्रोतबाट अनुमानित आय ९ करोड २७ लाख ६५ हजार
- लागत जनसहभागिता २ करोड ५० लाख
- सामाजिक सुरक्षा लगायत अन्य २५ करोड ३९ लाख रहेको छ ।

बाणगङ्गा नगरपालिकाको आ.व. २०७८।०७९ को क्षेत्रगत बजेट

सि.नं.	शीर्षक	विनियोजन रू.हजारमा
१	आर्थिक विकास	६७९९८
	कृषि	३१९१०
	उद्योग	१०१००
	पर्यटन	४८९०
	सहकारी	२४८०
	वित्तीय क्षेत्र	३९९
	जलश्रोत तथा सिंचाई	४४२५
	पशुपन्छी विकास	१०९१९
	भूमि व्यवस्था	२०००
	वाणिज्य	७७५
	आपूर्ति	१००
२	सामाजिक विकास	७२५५७४
	सामाजिक सुरक्षा तथा संरक्षण	१०९१३
	सामाजिक सुरक्षा नेपाल सरकार	२५००००
	युवा तथा खेलकुद	९१०८
	खानेपानी तथा सरसफाई	९४५५
	भाषा तथा संस्कृति	१६४३०
	शिक्षा	३४६८९६
	स्वास्थ्य	७२९१२
	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	९८६०
३	पूर्वाधार विकास	३१९७०४
	यातयात पूर्वाधार	२१८४७८
	भवन, आवास तथा सहरी विकास	८६५३१
	उर्जा	१४००
	संचार तथा सूचना प्रबिधि	५००
	बिज्ञान तथा प्रबिधि	२१५०
	पुननिर्माण	१३५०
	सम्पदा पूर्वाधार	९२९५
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१२७०५
	शासन प्रणाली	३२५
	प्रशासकीय सुशासन	११००
	वित्तीय सुशासन	१५०
	कानुन तथा न्याय	४००
	गरिबी निवारण	५०००
	योजना तर्जुमा र कार्यन्वयन	२३००
	अनुगमन तथा मूल्यांकन	२९४
	तथ्यांक प्रणाली	६५६
	विपद व्यवस्थापन	१०००
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१५८७४६
कुल जम्मा		१२८३२४८

आ.व.२०७८।०७९ का बजेटका मुख्य विशेषताहरु.....

कुल बजेट मध्ये

- चालु खर्च तर्फ रु ८७ करोड २१ लाख १३ हजार
- पूँजीगत खर्च ४१ करोड ११ लाख ३५ हजार ४ सय ८०

क्षेत्रगत बाडफाँड

- आर्थिक विकास तर्फ रु ६ करोड ७९ लाख ९८ हजार
- भौतिक पूर्वाधार तर्फ रु ३१ करोड ९७ लाख ४ हजार
- सामाजिक विकास तर्फ शिक्षा स्वास्थ्य र सामाजिक सुरक्षा समेत रु ४७ करोड ५५ लाख ७४ हजार
- शुसासन तथा अन्तर सम्बन्धित क्षेत्र १ करोड २७ लाख ५ हजार
- कार्यालय संचालन तथा प्रशासनिक खर्च १५ करोड ८७ लाख ४६ हजार रहेको छ ।

१. प्रत्येक वडाहरुलाई जनसंख्या, भौगोलिक विकटता, वडाको क्षेत्रफल, राजस्व संकलन योगदानको आधारमा १२ करोड ५० लाख विनियोजन गरिएको छ ।

२. प्रत्येक वडाको सन्तुलित विकासको लागि नगरस्तरीय योजनाबाट रु. ४५ लाख भौतिक पूर्वाधार तर्फ बजेट बिनियोजन गरिएको

मुख्य मुख्य कार्यक्रमहरुः

कृषि विकास कार्यक्रम तर्फ

- किसान सूचीकरण कार्यक्रम, साना व्यवसायिक कृषि उत्पादन केन्द्र र धान उत्पादन प्रवर्द्धन कार्यक्रम (बाली विकास कार्यक्रम), खाद्यान्न वालीको उन्नत वीउ उपयोगमा मूल्य अनुदान, स्यालो टियुववेल जडान, कृषि बजार पूर्वाधार निर्माण तथा

निरन्तरता, ५०/ ७५/ ८५ प्रतिशत अनुदानमा मागमा आधारित व्यवसायिक कृषि, च्याउ बीउ बितरण, साना सिंचाई मर्मत सम्भार तथा निर्माण, बीउ उत्पादन, व्यवसायिक तरकारी खेतिका लागी मल्चिङ प्लाष्टिक, ढैचाको बीउ बितरण, मौरी गोला तथा घार वितरण, साना मेसिनरी औजार बितरण, साप्ताहिक हाटबजार कृषक स्टल ब्यवस्थापन तथा सुदृढीकरणमा सहयोग, स्थलगत कृषक तालिम, तरकारीको सिडकिट वितरण, क्रप कटिङ (खाद्यान्न/ दलहन/तेलहन/ तरकारी), माटो जाँच शिवीर संचालन तथा कृषि चुन वितरण, आइ. पि. एम. कृषक पाठशाला संचालन, आकस्मिक वाली संरक्षण सेवा, बाली उपचार शिविर तथा बिषादी सचेतना कार्यक्रम, कृषि मेला प्रर्दशनी, बाली बीमा र परम्परागत तथा रैथाने बाली प्रवर्द्धन जस्ता कार्यक्रमहरु रहेका छन् ।

पशु सेवा तर्फ

- कृत्रिम गर्भाधान मिसन, मासु मिसन कार्यक्रम, पशु बीमा कार्यक्रम, पशू आहारा सेवा (हिउँदे/वर्षे/ बहुवर्षे), पशु प्रजनन् तथा नश्ल सुधार, पशु स्वास्थ्य तथा उपचार सेवा, पशु रोग निदान तथा प्रयोगशाला सेवा, रोग नियन्त्रण तथा खोप सेवा, पशु स्वास्थ्य नियमन जस्ता कार्यक्रमहरु रहेका छन ।

पर्यटन तर्फ

- नगर पर्यटन गुरुयोजना निर्माण, होम स्टे प्रवर्द्धन, राजापानी, मधुवन धाम, कपिलधाम तथा रामदतिवन धार्मिक तथा पर्यटकीय स्थल विकास, लक्ष्मणघाट धाम पूर्वाधार स्तरोन्नती, योगाशलाय भवन, कपिल आरोग्य मन्दिर कपिलधाम, संस्कृति प्रवर्द्धन तथा विभिन्न महोत्सव जस्ता कार्यक्रमहरु रहेका छन ।

श्रम तथा रोजगार तर्फ

- वित्तिय साक्षरता क्रार्यक्रम संचालन, बैदेशिक रोजगारीमा जान चाहने सम्भावित कामदारहरुलाई गहन अभिमुखीकरण कार्यक्रम, बैदेशिक रोजगार सम्बन्धी प्रोफाईल निर्माण, युवा उद्यमशीलता प्रबर्द्धन तथा सम्मान एवंम् र एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम जस्ता कार्यक्रमहरु रहेका छन ।

शिक्षा तर्फ

- सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक र दिवा खाजा अनुदान, विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान, शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा, कार्यसम्पादनमा आधारित विद्यालय प्रोत्साहन अनुदान, सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन, GPE को सहयोगमा कोभिड - १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम, विद्यार्थीहरुका लागि छात्रबृत्ति, विद्यालयको ल्याव व्यवस्थापन अनुदान, उत्कृष्ट विद्यालय, शिक्षक, विद्यार्थी सम्मान तथा नगर स्तरीय प्रतिभा पहिचानका लागि अतिरिक्त कृयाकलाप, नगरको भाषा कला सस्कृति र साहित्यको प्रवर्धन एव अध्ययन अनुसन्धान, नगरमा उच्च शिक्षा पि एच

आ.व.२०७८।०७९ का बजेटका मुख्य विशेषताहरु.....

डि, एम फिल गर्नेलाइ प्रोत्साहन तथा सम्मान, बालमैत्री कार्यक्रम, शैक्षिक प्रदर्शनी, बैकल्पिक माध्यमवाट शिक्षण सिकाइ सहजीकरण कार्यक्रम, शैक्षिक रणनैतिक योजना निर्माण/अद्यावधिक, बाल विकास केन्द्र सामाग्री व्यवस्थापन, विद्यालयलाई प्रविधिमैत्री बनाउन एक विद्यालय एक ल्यापटप वितरण, राष्ट्रपति रनिङ्ग सिल्ड र मेयर कप फुटवल प्रतियोगिता , एक वडा एक खेलमैदान निर्माण र ट्राफिक सचेतना जस्ता कार्यक्रमहरु रहेका छन ।

बजेट भाषणसंगै बजेट किताब अध्ययन गर्दै नगर सभा सदस्यहरु

स्वास्थ्य तर्फ

- आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन, पोषण, परिवार नियोजन किशोर किशोरी तथा प्रजनन् स्वास्थ्य कार्यक्रम, कोभिड १९ विरुद्ध खोप अभियान संचालन ब्यवस्थापन, बिरामी नवजात शिशु निशुल्क उपचार सोधभर्ना, विद्यालय स्वास्थ्य शिक्षा/आमा समुह तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि सामाजिक व्यवहार परिवर्तन कार्यक्रम, आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि व्यवस्थापन, कोभिड १९ लगायत विभिन्न महामारीजन्य रोगहरुको रोकथाम, नियन्त्रण तथा निगरानीका लागि सरोकारवाला सँगको अन्तरक्रिया तथा RRT, स्वास्थ्यकर्मी परिचालन, हात्तिपाईले रोग बिरूध्दको आम औषधी सेवन (MDA) कार्यक्रम सञ्चालन, औलो तथा कालाजार माहामारी हुने क्षेत्रको छनौट गरी बिषादि छर्कने (रेस्पोन्सीभ स्प्रेइङ समेत), किटजन्य रोग नियन्त्रण कार्यक्रमको अनुगमन एवम् मूल्याङ्कन तथा किटजन्य रोग नियन्त्रण, विभिन्न सरुवारोग, नसर्ने रोग, जुनोटिक, मानसिक स्वास्थ्य सम्बन्धि अन्तरक्रिया कार्यक्रम, स्वास्थ्य सूचना साथै आइ एम यू सुदृढीकरण कार्यक्रम, औषधी तथा सर्जिकल सामग्री खरिद, महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुका लागि यातायात प्रोत्साहन, स्वास्थ्य चौकीहरुको व्यवस्थापन, आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा शहरी स्वास्थ्य केन्द्र संचालन, विद्यालय स्वास्थ्य शिक्षा तथा पोषण कार्यक्रम- विद्यार्थीहरुका लागि जुकाको औषधी वितरण र किशोरीहरुलाई आइरन तथा Folic Acid वितरण कार्यक्रम, खोप केन्द्र निर्माण, स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुन प्रोत्साहनका लागि स्थानिय अस्पताल र बर्थिङ सेन्टरमा प्रसुती हुने महिलाहरुलाई निःशुल्क एम्बुलेन्स तथा यातायात सुविधा जस्ता कार्यक्रमहरु रहेका छन ।

आयुर्वेद तर्फ

- गाँउघर क्लिनिक तथा नसर्ने रोग व्यवस्थापन कार्यक्रम, जेष्ठ नागरिक क्लिनिक, पोषण र महिला स्वास्थ्य कार्यक्रम, आयुर्वेद स्वास्थ्य जीवनशैली अभिमुखिकरण कार्यक्रम, भान्साघर क्लिनिक कार्यक्रम (गृहणी लक्षित), पोपण विशेष (स्वास्थ्य) क्षेत्रका कार्यक्रम सञ्चालन, पोषण सुधारको लागि विपन्न समूदायका महिला समूह वा सहकारीहरूलाई विपन्न सदस्यहरूको आयआर्जन सुधार कार्यक्रम अनुदान जस्ता कार्यक्रमहरु रहेका छन ।

लक्षित समुह तर्फ

- महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र यौनिक तथा लैंगिक अल्पसंख्यक का तथ्याङ्क संकलन र अधावधिक, महिलाहरुका लागि सीप तथा क्षमता विकास कार्यक्रम, नेतृत्व तथा क्षमता विकास कार्यक्रम, सामाजिक कुरीति, कुप्रथा, तथा लैंगिक हिंसा सम्बन्धी कार्यक्रम, बाणगंगा नगरपालिकाको लैंगिक हिंसा निवारण कोषको व्यवस्था, बालश्रम,बालबिवाह, बहुबिवाह, दाइजो/दहेज, बोक्सी, छाउपडी जस्ता प्रथा सम्बन्धी सचेतनामूलक कार्यक्रम, हिंसा पिडित महिला तथा बालबालिकाका क्षेत्रमा काम गर्ने संघ संस्थाहरुलाई व्यवस्थापन तथा संचालन, नगरभित्रका एकल महिलाहरुका लागि सीप तथा क्षमता विकास तालिम, नगरभित्रका माध्यमिक विद्यालयमा अध्ययनरत छात्र/छात्राहरुका लागि लागू पदार्थ दुर्व्यसनी तथा नगर बालसञ्जाल तथा वडा बाल सञ्जालका बालबालिकाका लागि बालबिवाह,प्रजनन् स्वास्थ्य तथा महिनामारी स्वच्छता सम्बन्धी सचेतनामुलक कार्यक्रम, किशोरीहरुका लागि आत्मरक्षा सम्बन्धी तालिम, कपिलवस्तु बालगृहलाई अनुदान

बाणगङ्गा नगरपालिकाको नवौं नगरसभाबाट आर्थिक वर्ष २०७८।०७९ को बजेट तथा कार्यक्रम सार्वजनिक पश्चात हर्षोल्लासका साथ लिईएको नगर प्रमुख, उपप्रमुख र वडा अध्यक्षहरुको तस्वीर

आ.व.२०७८।०७९ का बजेटका मुख्य.....क्रमशः

रकम, बालउद्धार कोषका लागि रकम, प्रत्येक वडामा १/१ वटा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र व्यवस्थापना तथा सञ्चालन, अन्तर्पुस्ता सीप हस्तान्तरण तथा संस्कृति सम्बर्धन कार्यक्रम, अपांगता भएका व्यक्तिहरुका लागि सीप तथा क्षमता र प्रविधि हस्तान्तरण, दलित सीप तथा क्षमता विकास कार्यक्रम, यौनिक तथा लैंगिक अल्पसंख्यकहरुका समस्या पहिचान तथा सचेतनामूलक कार्यक्रम, सांकेतिक भाषा तालिम जस्ता कार्यक्रमहरु रहेका छन ।

त्यसैगरी भौतिक पूर्वाधार तर्फ

- बन्डौली गन्सहवा देखि चप्पर गाउँ जोड्ने सडक कालोपत्रे
- गजेहडा तिनकुने चोक देखि गंगोलिया हुँदै राजापानी जोड्ने सडक कालोपत्रे
- चम्किपुर देखि ठाटी जोड्ने सडक कालोपत्रे
- भावपुर भेलरैया गोगापुर विरपुर हुँदै मिलन चोक जोड्ने सडक कालोपत्रे
- मटेरिया चौपारी स्कुल हुदैं मधौली जोड्ने बाटो कालोपत्रे
- ओदारी लिटिस्टार हुंदै भडसहवा जोड्ने बाटो कालोपत्रे
- कुनैयादेखि पञ्जावीचोकसम्म र तीनकुने हुँदै गब्दैया गाउँसम्म सडक कालोपत्रे
- वभनी देखि तिलकाना सम्म सडक कालोपत्रे
- सिद्दिपुर गाउँ देखि होराईजन चोक, शान्तिडाँडा पर्वत राईसमिल देखि सगरमाथा राईसमिलसम्म सडक कालोपत्रे
- मटेरिया-दुर्गानगर, तीनकुने सिमलखोर र प्रतिडाँडा वैदौली सडक कालोपत्रे
- भगलापुर बड्की, बनकसीया हरनामपुर र वैदौली भगलापुर जोड्ने सडक कालोपत्रे
- बनगाई मोतिपुर सडक विस्तार, नाली निर्माण तथा कालोपत्रे
- मधुवन विद्यालय देखि बोडगाउँ सडकमा नालि तथा कुलो निर्माण
- भर्लावास बसपार्क र चौवा दुर्गा मन्दिर देखि सालघारी सम्म सडक कालोपत्रे
- ओदारी अस्थायी पोष्टदेखि पूर्वजाने सडक कालोपत्रे
- पिपरा अस्पतालको संरचना निर्माण तथा स्तरोन्नती
- बाणगंगा बल्ड बैंक प्राविधिक सामग्री खरिद
- कर्महना चोकबाट गाउँ जानेबाटो कालोपत्रे
- बबनी खोलामा कल्भर्ट निर्माण
- ब्रह्माकुमारीको अधुरो भवन निर्माण
- सामुदायिक कम्पाउण्ड बाल निर्माण
- ठाकुरापुरा बाणगंगा उच्चमा.वि. कम्पाउण्ड भित्रको कबर्ड हल निर्माण
- जेष्ठ नागरिकको अपुरो भवन निर्माण
- कपिलवस्तु संचार सहकारी जाने सडक कालोपत्रे
- ७०/३० भौतिक पूर्वाधार विकास कार्यक्रम
- फोहोर प्रसोधन प्लान्ट जडानका लागि प्रारम्भिक वातावरणीय अध्ययन IEE, ल्याण्डफिल्डसाईड को DPR र पूर्वाधार निर्माण
- चक्रपथ निर्माण
- ओदारी गाउँभित्र सडक कालोपत्रे तथा अधुरो नाली निर्माण
- ब्लड बैंक जाने सडक स्तरोन्नती
- मदरसा पूर्वाधार
- बुद्ध रंगशाला कवर्डहल
- सिउटी प्रतिक्षालय चोक देखि हथौसा गाउँ जोड्ने सडक कालोपत्रे
- बिसनपुर चोक देखि पुरानो दिही जोड्ने सडक कालो पत्रे
- झुँगा चोक देखि तल्लो झुँगा हुँदै कालाबन्जार जोड्ने सडक कालो पत्रे
- श्री जनज्योति उच्च मा.वि. मोतिपुरको भौतिक संरचना निर्माण
- सुरक्षित नागरिक आवास कार्यक्रम
- सिंचाई कुलो निर्माण
- नगर सडक यातायात गुरुयोजना
- बसपार्कको डिपिआर निर्माण
- वडा कार्यालय प्रशासनिक भवन निर्माण
- घरधुरी नम्बरीङ र अभिलेखिकरण
- आयुर्वेद अस्पतालको DPR निर्माण
- लक्ष्मणघाट सब दाह स्थल व्यवस्थापन
- बाणगङ्गा, कोईली, घिरिखोला नदी उकास जग्गा व्यवस्थापन
- सार्वजनिक जग्गा व्यवस्थापन जस्ता कार्यक्रमहरु रहेका छन ।

त्यसैगरी सामुदायिक भवन निर्माण तर्फ

- भू.पू.सैनिक जिल्ला कार्यालय भवन निर्माण
- वडा कार्यालय भवन निर्माण
- गौशाला निर्माण
- कपिलवस्तु सामुदायिक अस्पताल
- फेदवा चौकीको जीर्ण भवन मर्मत
- सिद्धार्थ क्याम्पसको प्राविधिक शिक्षा संचालनको लागि भवन निर्माण
- ईलाका प्रहरी कार्यालय पिपरा ब्यारेक भवन निर्माण
- रोटरी क्लव भवन निर्माण
- वि.पि. स्मृती भवन निर्माण
- संचार गृह भवन निर्माण
- राजेश आस्था फाउन्डेसन अधुरो भवन निर्मण
- डाईलोसिस सेन्टर निर्माण (जेसिज भवन)
- सि.सि.क्यामेरा जडान
- स्थानीय तह प्रकोप व्यवस्थापन कोष
- नवीकरणीय ऊर्जा प्रवधि जडान (वायोग्याँस/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा)
- अपाङ्ग उत्थान समाज भवन
- विभिन्न मिडियाहरुसंग सहकार्य
- वडा प्रोफाईल निर्माण
- आवधिक योजना निर्माण, मध्यकालिन खर्च संरचना तयारी र मध्यकालिन बजेट संरचनाको तयारी जस्ता कार्यक्रमहरु रहेका छन ।

बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष २०७८।०७९ को बजेट तथा कार्यक्रमका उद्देश्य एवम् प्राथमिकता का क्षेत्रहरु

उद्देश्यहरुः-

- सबै किसिमका बिपद र महामारीबाट नगरवासिको जीवन रक्षा गर्ने ।
- पूर्वाधारहरुको निर्माण एंव दिगोपना मार्फत नगरबासीहरुको गुणस्तरीय जीवनको प्रबर्द्धन गर्ने ।
- गुणस्तरीय सार्वजनिक सेवा प्रबाह गर्दै सुशासनलाई सस्थागत गर्ने ।
- न्याय र नैतिकताका आधारित हिंसा रहित स्वस्थ र मर्यादित जीवनशैली युक्त समाज निर्माण गर्ने ।
- नगरको विकास र सम्मृद्धिका लागि सहकार्य र सामुहिकताको सस्कारलाई प्रबर्द्धन गर्ने ।
- वातावरणीय सन्तुलन सहितको दिगो तथा उत्थानशील विकास प्रक्रियालाई संस्थागत गर्ने ।

प्राथमिकताहरुः-

- रणनीतिक महत्वका आयोजनाहरु निर्माण, अधुरा आयोजनाहरुको निरन्तरता र सम्पन्न योजनाहरुको मर्मत सम्भार गरी त्यसको दिगोपना सुनिश्चितता ।
- स्वास्थ्य पूर्वाधारहरुको विकास र विस्तार गरी गुणस्तरीय एंव सर्व सुलभ स्वास्थ्य सेवा प्रदान ।
- कृषि क्षेत्रमा ज्ञान, सीप तथा पूजी परिचालन गरी उत्पादन अभिबृद्धि मार्फत रोजगारी सिर्जना र गरीवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने ।
- समाजमा विद्यमान सबै किसिमका असमानता एंव हिंसाको निवारण गर्दै सम्पूर्ण वर्ग, क्षेत्र र समुदायको सशक्तिकरण एंव मूल प्रवाहीकरण गर्ने ।
- सीपमूलक एंव व्यवसायीक कार्यक्रम प्रबर्द्धन गर्नुका साथै उद्यमशील संस्कृति विकास गर्दै स्वरोजगार सिर्जना गर्ने ।
- धार्मिक, सास्कृतिक तथा प्राकृतिक सम्पदाहरुको संरक्षण एंव प्रबर्द्धन गर्दै पर्यटन विकास मार्फत पर्यटन क्षेत्रबाट प्राप्त लाभको स्थानीयकरण गर्ने ।

पुष्प (सयपत्री) खेती सम्बन्धी जानकारी

सयपत्री

सयपत्री फूलको प्रयोग नेपाली समाजमा आदिकाल देखि विभिन्न प्रयोजनको लागी हुँदै आएको छ । चाडपर्व बिशेष गरेर, तिहारमा सयपत्रीको माला निकै नै महत्वको छ । त्यस्तै विभिन्न समारोहमा अतिथिको स्वागतको लागि विभिन्न राजनैतिक र सामाजिक सम्मेलनको लागि र घर अफिस आदिको सोभा बढाउनको लागि पनि यसको प्रयोग उत्तिनै हुन्छ । घर देखि मन्दिरको पूजाआजा देखि विवाह ब्रतबन्ध तथा हरेक सामाजिक कार्यमा सयपत्रीको प्रयोग गरिन्छ ।

हावापानी

सयपत्री नेपालको तराई भू–भागदेखि पहाडी र हिमाली भू–भागसम्म फुलाउन सकिन्छ । ८ डिग्री देखि ४० डिग्रीसम्मको तापक्रममा फुलाउन सकिने यो फुललाई सामान्य अवस्थामा खुल्ला जमिनमा र चिसो हावापानी भएको ठाँउमा टनेल घरमा खेती गर्न सकिन्छ ।

माटो

सयपत्रीको जुनसुकै माटोमा पनि लगाउँन सकिन्छ तर व्यवसायिक खेतीकालागी भने दोमट माटो बढी उपयुक्त हुन्छ । दोमट माटोमा जराको फैलावट राम्रो हुने र पानीको निकास राम्रो हुने भएकाले जरा राम्रोसँग फैलन पाउँनुकासाथै जरा कुहिँने र बोट पहेँलो हुने समस्या कम देखाँ पर्छ । फूल रोप्नुभन्दा अगाडी जग्गाको चारै तर्फ ३० से.मी चौडाइ गरी कुलेसो बनाई निकासको प्रबन्ध मिलाउनुपर्छ जसले गर्दा पानी जम्न पाउँदैन र विरुवा स्वस्थ रहन्छ । खासगरी पि एच ७ देखि ७.५ सम्म भएको प्रांङ्गारिक पदार्थ प्रशस्त भएको दोमट माटो यसको खेतीकोलागी बढी उपउयुक्त हुन्छ ।

बीउ

सयपत्री फूललाई सजीलै संग वीउबाट प्रसारण गर्न सकिन्छ । सयपत्रीको विउ १८ देखी ३० डिग्री सेल्सीयसको तापक्रम भएको अवस्थामा राम्रो हुन्छ । यदि बर्खाको समयमा नर्सरी व्याड बनाउने हो भने नर्सरीलाई १५ से.मी. उचाई गरेर बनाउनु पर्दछ जस्ले गर्दा धेरै भएको पानी तर्कीएर जान सकोस । वीउ रोप्दा धेरै बाक्लो गरेर लगाउनु हुदैँन जस्ले विरुवामा बेर्ना कुहिने रोग लाग्न सक्दछ ।वीउ रोपेको २५ देखि ३० दिनमा बेर्ना सार्नको लागि उपयुक्त हुने भएकाले मुख्य जमिनको तयारी त्यहि अनुसार गर्नु पर्दछ ।

जमिन तथा ब्याड तयारी

सयपत्री रोप्नुभन्दा अगाडी जमिनलाई २–३ पटक खनजोत गरी झारपात,ढुङ्गा आदि मिल्काउने र जमिन सम्याई पाकेको गोबर या अन्य प्राङ्गारिक मल छर्नु पर्दछ । प्रति रोपनी प्राङ्गारिक मल ५ देखि १० टनचाहिनेँहुदाँ जमिनको क्षेत्रफल र बोटको संख्या हेरी मल व्यवस्था गर्नु पर्दछ भने रसायानिक मल प्रयोग गर्दा भने ५–१०–५ अनुपातमा नाइट्रोजन,फस्फोरस र पोटास प्रयोग गर्न सकिन्छ । सयपत्रीमा मल हाल्दा ध्यान दिनुपर्ने कुरा के हो भने यसलाई नाइट्रोजन कम, फस्फोरस बढी जरुरत पर्छ । बढी नाइट्रोजन भयो भने पातहरु चाहिँ मज्जाले हराभर भएर त आउँछ तर फूल कम लाग्छ । त्यसैले सयपत्रीमा फूल बढी फुलाउनको

पुष्प खेति.....

लागि नाइट्रोजनको मात्रा कम, फस्फोरस बढी भएको मल हाल्दा राम्रो हुन्छ ।

खनजोत र मल हाल्ने कार्य सकिएपछि करीब करिब ३० से.मि उचाई,१ मिटर चौडाइ र जमिनको आकार वा उपलब्धता हेरी आवश्यकता अनुसारको लम्बाइ भएको ढ्याङ्ग बनाउँनु पदर्छ । नेपालमा सयपत्रीको उत्पादन वर्षैभरी गर्न सकिने भएतापनि यो फूलको माग विशेष गरी तिहारमा बढी हुने भएकोले सोलाई लक्षित गरी कम्तिमा ६५ देखि ७० दिन अगाडी बिरुवा रोप्नु पर्दछ ।

प्रसारण विधि

सयपत्रीलाई दुई तरिका :वीउ र कटिङ्गबाट प्रसारण गर्न सकिन्छ ।

१.बीउबाट

सयपत्री फूललाई सजीलैसंग वीउ बाट प्रसारण गर्न सकिन्छ । एउटै थुङ्गाबाट सयौँ वीउ सजिलै निकाल्न सकिने भएकाले यो विधि संसारभर निकै प्रचलित छ । सयपत्रीको वीउ १८ देखी ३० डिग्री सेल्सीयसको तापक्रम भएको अवस्थामा राम्रोसँग उम्रने भएकाले अनुकुल समय हेरी रोप्दा राम्रो उत्पादन लिन सकिन्छ । यदि बर्खाको समयमा नर्सरी व्याड बनाउने हो भने नर्सरीलाई १५ से.मी. उचाई गरेर बनाउनु पर्दछ । वीउ रोपेको २५ देखि ३० दिनमा बेर्ना सार्नको लागि उपयुक्त हुन्छ ।

२.कटिङ्ग

सयपत्रीमा कटिङ धेरै प्रकारले गर्न सकिन्छ, जस्तै : हाँगाको कटिङ्ग, कमलो डाँठको, मध्यम डाँठको कटिङ्ग लिन सकिन्छ । विरुवा रोपेको ३० देखि ४५ दिनका कटिङ्ग गर्न सकिन्छ । कटिङ्ग गरेका कटिङ्गसलाई रुटेक्स वा कुनै ग्रोथ हर्मोनमा डुबाइ रोप्न सकिन्छ । कटिङ्गहरुलाई रोप्दा नसर्री ट्रेमा जरा राम्रोसँग फैलिएपछि सार्दा उपयुक्त हुन्छ ।

रोप्ने दुरी

४० से.मी लाइनदेखि लाइन र ३० से.मी बोटदेखि बोटको दुरीमा रोप्नुपर्छ भने जात अनुसार ३० *४५ वा ६०* ६० को दुरीमा पनि रोप्न सकिन्छ ।

सिचाँई

सयपत्रीको विरुवालाई आवश्यकता हेरी समय – समयमा सिचाँइ गनुपर्छ । विशेष गरी सुख्खा समयमा र विरुवा सारेको पहिलो हप्तामा सिचाँई दिनहुँनै गर्नु पदर्छ भने हुर्केका विरुवालाई ५–७ दिनको फरकमा सिचाँई गर्नुपर्छ ।

रोगहरु :

१) पातको थोप्ले र डढुवा रोग

यी दुवै ढुसीजन्य रोग हुन । गर्मी र वर्षात्को मौसममा यी रोगको प्रकोप बढी हुने गर्छ । डडुवा रोग लाग्दा सुरुवाती दिनमा सयपत्रीको बाहिरी पातमा पहेंलो प्वालसहितको हल्का खैरो दागहरु देखापर्न थाल्दछ। विस्तारै त्यो दागको बीचमा गहिरो खराने रंगमा परिणत हुन थाल्छ र विस्तारै कालो धूलो जस्तो देखापर्न थाल्छ । यो समस्या रोगी पातबाट सरेर अन्य स्वस्थ पात तथा हाँगाविगाहरुमा पनि देखापर्न थाल्छ । यो समस्या बढ्दै जाँदा पात मर्न थाल्छ र विरुवा आगोले डढेको जस्तो नांगो बनेर जान्छ । यो समस्या रोगी बीउको कारण वा माटोमा रहेका ढुसीले गर्दा पनि हुन सक्छ । ढुसीले बढीजसो ओसिलो मन पराउने भएकोले यो रोगको प्रकोप कम गर्ने एउटा प्रमुख उपाय भनेकै सयपत्रीको विरुवामा पानी हाल्दा सकेसम्म पातलाई भिज्न नदिनु वा सुख्खा राख्नु हो । अझ उत्तम उपाय त थोपा सिंचाई प्रणालीलाई अपनाउनु हो । तर सबैतिर यो गर्न सम्भव हुँदैन । त्यसैले सयपत्रीको फूलमा पानी हाल्दा बेलुकीभन्दा

बिहान पानी हाल्नु उत्तम हुन्छ । त्यसो गर्दा भिजेका बोट र पातहरु दिउँसोको घामले सुकेर ढुसी पर्ने वा रोगले आक्रमण गर्ने सम्भावना कम हुन्छ ।

त्यसैगरी, विरुवाहरुको माझमा पर्याप्त हावा खेल्ने ठाउँ भएन भने पनि ढुसीले आक्रमण गर्ने सम्भावना बढी हुन्छ । त्यसैले सयपत्रीको बोटहरुलाई सकेसम्म हावा खेल्ने ठाउँ पाउने गरी अलि फरक दूरीमा रोप्नु पर्छ । हावा राम्ररी आवातजावात हुन दिनका लागि अनावश्यक पातहरु छाँटकाँट गरिदिनु राम्रो हुन्छ । सयपत्री फूलको व्यवसायिक खेती गर्नेहरुले चाहिँ यस्तो समस्याबाट बच्नको लागि एउटै स्थानमा ३ वर्षभन्दा बढी सयपत्री नरोप्दा राम्रो हुन्छ ।डढुवा रोग लाग्दा बोटको तलबाट दाग देखिन्छ, डाँठ, पातहरु सुक्दै जान्छ । माथिल्लो भाग स्वस्थ देखिन्छ तर तलबाट मर्दै आएर पुरै विरुवा मरेर जान्छ ।

डढुवा जस्तै सयपत्रीलाई सताउने अर्को समस्या थोप्ले रोग पनि हो । यो पनि ढुसीजन्य रोग नै हो । अल्टरनारिया अल्टरनाटा (alternaria alternata) नामक ढुसीका कारण हुने यो समस्या चाहिँ बोटमा जतातत्तै देखिन र फैलिएर जान सक्छ ।वर्षात्मा पानीको र मौसमको कारण यो रोग देखापर्छ ।अल्टेनेरियामा बोटको तलपट्टि समस्या कम देखिन्छ । मूलतः पातहरुमा कालो कलेजीरंगका दागहरु देखिन्छ । त्यो फैलिँदै जाँदा पातहरु सुकेर जान्छ । एक ठाउँबाट शुरु भएको यो रोग चाहिँ पातहरुबाट फैलिँदै जान्छ ।सेप्टोरिया र अल्टेरिया दुवै समस्यामा हजारीबाट पानी दिँदा रोग झनै फैलिएर जान्छ । त्यसैले विरुवामा पानी हाल्दा सकेसम्म पात भिजाउनु हुँदैन, जरामा सोझै पानी दिनुपर्छ ।

व्यवस्थापन :

१) उचित मलखाद र सिंचाई प्रयोग गरी स्वस्थ र बलियो बोट हुर्काउने ।
२) स्वस्थ बीउको प्रयोग, बीउ उपचार गर्ने ।
३) रोग निरोधक जात लगाउने ।
४) खेतको सरसफाईमा ध्यान पु¥याउने ।
५) ढुसीनासक विषादी हेक्जाकोजोल वा क्लोरोथालोनिल प्रयोग गर्ने ।

२) सेतो ढुसी/पाउडरी मिल्ड्यु :

यो रोग लाग्दा बोटको सबै भागमा सेतो पाउडर जस्तो देखिन्छ जसले गर्दा पछि पातहरु चाउरीने, बोटको आकार बिग्रने तथा फूलको गुणस्तरमा ह्रास आउँछ । यो रोग बढि ओस र आद्रता भएको समयमा लाग्ने भएकाले विरुवा रोप्ने समय भन्दा एक दुई महिना अगाडि रोप्दा केहि हदसम्म यो रोग नियन्त्रण हुन्छ । रोग प्रकोप धेरैनै भएको खण्डमा सल्फेक्स वा कारात्थेन नामक ढुसीनाशक २ ग्राम प्रति लिटर पानिमा मिसाएर छर्न सकिन्छ ।

३) फूल कुहिने / बोट्राईटिस रट :

फूलको पुष्पदलहरुमा सानो सानो खैरो धब्बा देखिन्छ । पछि सबैतिर फैलिएर फूल नष्ट हुन्छ । उच्च आर्द्रता भएको मौसम यो रोगका ढुसीहरुका लागि उपयुक्त हुन्छ, रोगको प्रकोप बढ्दछ ।

नेपालमा सयपत्रीको प्रयोग :

सयपत्री फूलका बिभिद गुणलाई हामीले यदि सहि प्रयोग गर्ने हो भने,कृषि क्षेत्रमा किराहरुको समस्यालाई निर्मुलिकरण साथसाथै प्राकृतिक डाईको समेत सम्भावना रहेको छ । नेपालमा भने सयपत्री फूललाई बिसेष गरेर सजावट र चाडपर्वको लागि मात्र प्रयोग गरिएको छ। फूल र फूलको माला मात्र प्रयोग भैरहेको समयमा केहि प्रगतिशील कृषकले यसलाई पासोबालिको रुपमा पनि प्रयोग गर्न थालेका छन् । सयपत्रीको फूलको खेतीले वालीनालीमा लाग्ने रुट नट निमाटोड् तथा खुम्रे किराको समस्यालाई पनि रोकथाम गर्ने गर्छ ।

बाणगङ्गा नगरपालिकाको आ.व.२०७८।०७९ को बजेट, नीति तथा कार्यक्रमको लागी सुझाव संकलन जेठ २७ मा सम्पन्न

मितिः२०७८ जेठ २७ गतेका दिन बाणगङ्गा नगरपालिकाको चालु आर्थिक वर्ष २०७७।०७८ को जेठ महिनासम्मको योजना तथा कार्यक्रमहरुको प्रगति समिक्षा तथा आगामी आर्थिक वर्ष २०७८।०७९ को नीति तथा कार्यक्रम, वर्षिक बजेट, योजना तर्जुमा र कार्यक्रम तयारीको विषयमा नगर प्रमुख श्री मंगल थारुज्यूको अध्यक्षतामा सरोकारवालाहरुसंग सुझाव संकलन गर्ने कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा माननीय राष्ट्रिय सभा सदस्य बिमला घिमिरेज्यूले महिला हिंसा सेफ हाउस योजना, सरकारी अस्पतालको स्तरोन्नती, बाणगंगा क्याम्पस सभाहलको स्तर वृद्धि र वडा सिमा विवाद लगाएतका विषयमा बोल्नुभएको थियो । त्यसै गरी माननीय नि.वर्तमान प्रतिनिधि सभा सदस्य अतहर कमालज्यूले बजेट वृद्धिको लागि नगरका स्रोतसाधनहरुको पहिचान र राजस्वका दायराहरुको विश्लेषण गर्ने, विशेषज्ञ स्वास्थ्यकर्मीहरुको व्यवस्थापन, लागु औषध नियन्त्रण, सरकारी विद्यालयको शैक्षिक गुणस्तर सुधार जस्ता कार्यक्रमहरु तर्जुमा गर्नुपर्ने साथै नगरको शुसासन, सेवा प्रवाह र प्रविधिको विषयमा नगरले गरेको उत्कृष्ट कार्यहरुको प्रंशसा गर्नु भएको थियो । त्यसैगरी माननीय संविधान सभा सदस्य बलराम अधिकारीज्यूले सार्वजनिक निर्माणका कार्यहरुको गुणस्तरीयता र दीगो विकासको लागि नगरले योजनाहरु तर्जुमा गर्नुपर्ने बताउनु भयो ।

नगर उपप्रमुख चक्रपाणी अर्यालले नगरपालिकाको सुझाव संकलन कार्यक्रममा प्रस्तुत भएका प्रगति समिक्षाका विषयमा उठेका विषय वष्तुहरुलाई सम्बोधन गर्दै सबै सरोकारवालाहरुलाई धन्यवाद दिनुभएको थियो । कार्यक्रमको प्रस्तुतीकरण प्रमुख प्रशासकीय अधिकृत बासुदेव खनालज्यूले गर्नुभएको थियो । नगर प्रवक्ता श्री बिष्णुप्रसाद पौडेलज्यूले कार्यक्रमको स्वागत गर्नुभएको थियो ।

नेपाल कम्युनिष्ट पार्टी जिल्ला अध्यक्ष झविलाल पोखेलज्यले सार्वजनिक कार्यक्रमहरुमा कसैका कमीकमजोरीहरुमात्र औल्याउने र वादविवाद गर्नुभन्दा पनि आफ्नो समालोचनात्मक धारणाहरु राख्दा राम्रो हुने र अवको समाज चारित्रिक र नैतीक समाज हुनुपर्नेमा जोड दिँदै देशका बौद्धिक व्यक्तित्वहरुबाट गुणस्तरीय समाज निर्माणको बौद्धिक प्रवचन, सार्वजनिक निर्माणमा प्राविधिकको बढी ध्यान केन्द्रित हुनुपर्ने लगाएतका विषयमा बोल्नुभएको थियो । नेपाल कम्युनिष्ट पार्टी माओवादी जिल्ला प्रतिनिधि टेकेन्द्र क्षेत्रीज्यूले नगरको राजस्व चुहावटको विषयमा नियन्त्रण गर्नुपर्ने कुरा राख्दै प्राकृतिक स्रोत व्यवस्थापनमा ध्यान दिनुपर्ने र सबैले आ-आफ्नो काम ईमान्दारीका साथ गरे मात्र बाणगङ्गा सम्वृद्ध हुने कुरा राख्नुभएको थियो । नेपाली कांग्रेस जिल्ला प्रतिनिधि रवि काफ्ले ज्यूले डिजिटल नगरप्रोफाईल निर्माण गरिसकेको मा धन्यवाद दिँदै प्रोफाईलले औल्याएका नगरका नपुग सूचकहरु पुरा गर्नेखालका र सबै क्षेत्रलाई समेट्ने खालका योजना तथा कार्यक्रमहरु तर्जुमा गर्नुपर्ने कुरा राख्नुभएको थियो ।

उक्त कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी एमाले नगर अध्यक्ष युवराज पोखेल, नेपाली कांग्रेस कार्यवाहक नगर अध्यक्ष बिष्णु थापा, नगरको स्थानीय पाठ्यक्रम विकास समितिका संयोजक डम्मर प्रसाद शर्मा, उद्योग बाणिज्य संघका अध्यक्ष डोलकराम घिमिरे, नि.वर्तमान अध्यक्ष उमानाथ पौडेल, पूर्व अध्यक्ष बिष्णु न्यौपाने, उपभोक्ता हकहित संरक्षण मंचका अध्यक्ष भेषराज पाण्डे, पत्रकार महासंघ कपिलवस्तु उपाध्यक्ष हरि अधिकारी, संचारकर्मी चन्द्रकान्त न्यौपाने, अशोक पौडेल, हरी घिमिरे, गणेष पोखेल एवं संघसंस्थाका प्रमुख तथा प्रतिनिधि र बाणगङ्गा नगरपालिकाका शाखा प्रमुखहरुको उपस्थीति रहेको थियो । कार्यक्रमको संचालन शाखा अधिकृत केशबराज भट्टराईबाट भएको थियो ।

सबै किसिमका व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा गई घटना दर्ता गरौं ।

बाणगङ्गा नगरपालिका वडा नं. ८ को प्रशासनिक कार्यालय भवन

बाणगंगा क्याम्पसको निर्माणाधिन भवनको अनुगमन गर्दै नगर उपप्रमुख चक्रपाणी अर्यालय लगाएत कर्मचारीहरु

राजस्व तर्फ जेठ महिनाको आन्तरिक आम्दानी

कोरोना-१९ को दोस्रो भेरियेण्टको संक्रमण बढे संगै यस नगरपालिकामा बैशाखको २० गते देखि भएको लकडाउन हालसम्म निरन्तररुपमा रहीरहेको कारण अत्यावश्यक बाहेकका सरकारी कामकाज पनि प्रभावित भएको हुंदा जेठ महिनामा उठ्नुपर्ने राजश्व घटेको देखिन्छ ।

(रु. हजारमा)

सि.नं.	शिर्षक नम्बर	आय शिर्षक नाम	संकलित रकम
१	११३१३	सम्पति कर	१३,४४९
२	११३२९	घर बहाल कर	१२४२०
३	११६१३	व्यवसाय रजिस्ट्रेसन दस्तुर	५००
४	१४१५१	सरकारी सम्पति बहालबाट प्राप्त आय	१२६०००
५	१४२२३	शिक्षा क्षेत्रको आम्दानी	२००
६	१४२१८	विद्युत सेवा शुल्क	११००
७	१४२४२	नक्सापास दस्तुर	०
८	१४२४३	सिफारिस दस्तुर	३४७७०
९	१४२४९	अन्य दस्तुर	१४२७०
१०	१४३१२	प्रशासनिक दण्ड जरिवाना र जफत	५००००
११	१४२४५	नाता प्रमाणित दस्तुर	२१००
१२	१४२४४	व्यक्तिगत घटना दर्ता	५५०
मिति २०७८।०१।०१ देखि २०७८।०२।३१ सम्मको जम्मा रु.			२,५५,३५९।-
		जम्मा	१,५१,४६,०३१।-

सहकारीहरुको वित्तियि अवस्था

बाणगङ्गा नगरपालिका अर्न्तगत कार्यक्षेत्र भई संचालनमा रहेका विभिन्न सहकारीहरुको प्राप्त अनलाईन प्रतिवेदन अनुसार नगरको सहकारीतर्फको जेठ महिना सम्मको वित्तिय अवस्था निम्नानुसार रहेको छ ।

क्र.सं.	विवरण	रकम (रू.)
१	शेयर पूँजी	३९०५८८७७२
२	जगेडा कोष	११६३६०९५१
३	अन्य कोष	११८५१५४८२
४	बचत निक्षेप	१५५६४००५३१
५	तिर्नुपर्ने संस्थागत ऋण	११८४६५४९०
६	भुक्तानी दिनुपर्ने अन्य दायित्व	२०४०८३००
७	तिर्नुपर्ने कर	७५६८२४
८	अन्य दायित्व	७१३०५६४
९	नगद	२५९९९६६३
१०	बैंक	२८७२०४०२१
११	अन्य संस्थामा लगानी	१७९४८९५०
१२	सदस्यहरुलाइ ऋण लगानी	२९५९०६५४३१
१३	पाउनुपर्ने हिसाब	३७०९८४३३
१४	अफिस सम्पत्ति	९७९३२६५५
१५	अन्य सम्पत्ति	१५४४६०१५
१६	स्टक सामान मूल्य	३३०२३०७
१७	स्थीर सम्पत्ती	६१९६८२९८
१८	जम्मा खर्च	१९१५२०५१०
१९	जम्मा आम्दानी	२४०८४२९४९

खारखानीको आकर्षण छाता प्रतिक्षालय

बाणगङ्गा नगरपालिका वडा नं.७ को विभिन्न स्थानहरुमा पर्यटकहरुको आकर्षण बढाउन छाता प्रतिक्षालय निर्माण गरिएको छ । एउटा छाता प्रतिक्षलय मुनि १३ देखि १५ जना मान्छेहरु सम्म बस्न मिल्ने गरी निर्माण गरिएको छ । वडा नं. ७ मा पर्ने मोतिपुरको बाँणीगाउँ, धैरेनी डाँडा, कोइली बनगाई र खारखानीमा आकर्षक प्रतिक्षालयहरु खडा भएका छन् ।

उक्त प्रतिक्षालयहरु सितल हावा खानका लागि मात्र नभएर महिला समूहका स–साना वैठकहरु समेत बस्न मिल्ने गरी बनाइएको छ।

विशेषतः पिकनिक स्पोटको रुपमा रहेको खारखानीमा समेत हाला विशाल पोखरी निर्माण भईरहेको र हराभरा फुलवारी सहित पार्क बन्ने तयारीमा रहेको छ । शौचालय, खानेपानीको व्यवस्थापन गरी आन्तरिक पर्यटन प्रवर्द्धन गर्न यसको आकर्षण झन झन बढीरहेको छ । यहाँ कपिलवस्तु जिल्लाका अन्य पालिका एवं छिमेकी जिल्ला रुपन्देहीबाट समेत पिकनिकमा रमाउन आउने गरेको पाईन्छ यो रुपन्देहीको बुटवलबाट करीव ३५ कि.मी पर्दछ भने गोरुसिङ्गे देखि करीब ८.५ कि.मी. पूर्व महेन्द्र राजमार्गको दायाँबायाँ प्रगति सामुदायिक वनमा पर्दछ । लक्ष्मणघाट आउने पर्यटकहरु प्राय यस स्थानमा घुमेर जाने गरेको पाईन्छ ।

नगरपालिकाको तेस्रो चौमासिक सामाजिक सुरक्षा भत्ता निकासा

बाणगङ्गा नगरपालिकाको चालु आ.व २०७७।०७८ को तेस्रो चौमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण र आवश्यक रकम वितरण गर्नको लागि सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैंकहरुलाई भत्ता वितरणको लागि आवश्यक पर्ने रकम निकासा गरी सकेको छ । जस अन्तर्गत यस नगरपालिका का ११ वटा वडामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जम्मा लाभग्राहीको संख्या १२३१४ रहेको छ । जसको लागि रु.७,५०,९३,५२३।- (अक्षरुपि सात करोड पचास लाख त्रियानब्बे हजार पाच सय तेईस) रुपैया खर्चहुने भएको छ ।

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७।०९।१० को निर्णय अनुसार कपिलवस्तु जिल्ला सहित ११ जिल्लाहरुमा बालपोषण अनुदान बिस्तार भएको हुँदा कपिलवस्तु जिल्लाको बाणगङ्गा नगरपालिकाले पनि चालु आर्थिक वर्ष २०७७।०७८ को तेस्रो चौमासिक देखि लागु हुने गरी पाँच वर्ष उमेर पुरा नभएका बालबालिकाहरुको समेत सामाजिक सुरक्षा भत्ता पठाईएको छ ।

लक्षित वर्गतर्फ	वडा								जम्मा रकम
	१	२	३	४	५ र ६	७ र ९	८	१० र ११	
ज्येष्ठ नागरिक भत्ता (७० वर्ष माथि)	३०३२	४३३६	२४७०	३७२५	५८३१	६९८७	५४२०	९४३६	४१२३७
ज्येष्ठ नागरिक भत्ता (दलित)	२३०	११०	२१६	१८२	४७३	६७२	२००	५०७	२५९०
ज्येष्ठ नागरिक एकल महिला	७२०	९६८	६१६	९०४	१०४९	१०४२	७९०	१५६२	७६५१
विधवा (आर्थिक सहायता)	७५४	११४४	७८४	११७४	१६३२	१९६२	१३१४	२०२८	१०७९२
क वर्ग	१४०	२१६	८४	१६२	२०४	२४०	२०४	२२८	१४७८
ख वर्ग (आर्थिक सहायता)	२२६	२८८	१९८	१८९	३१७	३१४	३५२	२८८	२१७१
क्षेत्र तोकिएका बालबालिका	४४६	८६७	७०८	७२४	१२२१	१३४१	९४७	१९१०	८१६४
दलित बालबालिका	६१	४४	५२	७२	११३	२०६	७५	१३४	७५८
लोपोन्मुख जाति	०	०	०	६०	२४	०	०	१६८	२५२
जम्मा रकम	५६०८	७९७३	५१२९	७१९२	१०८६४	१२७६४	९३०२	१६२६१	७५०९४

आशा लघुवित्त संस्था, बाणगङ्गा नगरपालिका - ७, बनगाई द्वारा बाणगङ्गा नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा अक्सिजन व्यवस्थापनका लागि रु १०,००० को आर्थिक सहयोग प्रदान ।

बाणगङ्गा नगरपालिकाको भुमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण

यस बाणगंगा नगरपालिकामा भूमि सम्बन्धी समस्या समाधान आयोग मार्फत संचालन भएको भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अवस्यवस्थित बसोबासीको लगत संकलन कार्य सम्पन्न भई हाल आयोगकै अनलाईन सफ्टवेयरमा लगत प्रविष्ट गर्ने कार्य भई रहेको छ । जस अन्तर्गत वडा नं. २, ४, ६, ७ र ८ वडाहरुको लगत प्रविष्टि गर्ने कार्य सम्पन्न भई सकेको छ भने वडा नं. १, ३, ५, ९, १० र ११ को प्रविष्टि गर्ने प्रक्रियामा रहेको छ । सबै वडाहरुको भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अवस्यवस्थित बसोबासीहरुको लगत वडा अनुसार निम्न बमोजिम रहेको छ ।

वडा नं.	भुमिहिन दलित	भुमिहिन सुकुम्वासी	अव्यवस्थित वसोवासी	कुल जम्मा	दर्ता सम्पन्न
१	७६	१९६	३७९	६५१	दर्ता बाँकी
२	१२०	५६७	७९३	१४८०	१३५३
३	४०	२१६	४५६	७१२	दर्ता बाँकी
४	३३	८५	६३६	७५४	६११
५	१९	९३	२१६	३२८	दर्ता बाँकी
६	५७	५९	१९८	३१४	२२७
७	३४	३६२	६२६	१०२२	९१५
८	१७६	४४२	६८०	१२९८	८२९
९	७४	८१	४३५	५९०	दर्ता बाँकी
१०	८५	५२४	९८५	१५९४	दर्ता बाँकी
११	७९	२६६	६६४	१००९	दर्ता बाँकी
जम्मा	७९३	२८९१	६०६८	९७५२	३९३५

लकडाउनको समयमा आफ्नो परिवारमा रहेका सबै बालबालिका, वृद्धवृदा तथा सुनौला हजार दिनका महिलाहरुको विशेष हेरचाह गरौं,

बजेट तथा कार्यक्रम सार्वजनिकिकरण कार्यक्रमको

बाणगङ्गा नगरपालिकाको नवौं नगरसभाको दोस्रो वैठक मिति २०७८ असारको ९ गते सम्पन्न भए लगतै बजेट तथा कार्यक्रम सार्वजनिकिकरण कार्यक्रम समेत सम्पन्न भएको छ । नगर प्रमुख श्री मंगल प्रसाद थारुज्यूको अध्यक्षतामा सञ्चालन भएको सो कार्यक्रममा प्रमुख अतिथिको रुपमा राष्ट्रिय सभा सदस्य माननीय बिमला घिमिरेज्यू हुनुहुन्थ्यो । विशिष्ठ अतिथीहरुमा संविधान सभा सदस्य माननीय डोर प्रसाद पौडेल, संविधान सभा सदस्य माननीय बलराम अधिकारी, संविधान सभा सदस्य माननीय माननीय विश्राम प्रसाद थारु, प्रदेश सभा सदस्य माननीय बिष्णु पन्थी हुनुहुनुहुन्थ्यो । कार्यालयको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत बासुदेव खनाल हुनुहुन्थ्यो ।

त्यसैगरि नेपाल कम्युनिष्ट पार्टी एमाले नगर कमिटी अध्यक्ष युवराज पोखेल, नेपाली कांग्रेस नगर कार्य समिति कार्यबाहक सभापती विष्णु थापा, नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र नगर कमिटी सचिव टेकेन्द्र क्षेत्री, ईलाका प्रशासन कार्यालय ४ नं. कार्यालय प्रमुख - विष्णु ज्ञवाली, कपिलवस्तु उद्योग वाणिज्य संघ अध्यक्ष- डोलकराम घिमिरे, बाणगंगा यातायात व्यवसायी समिती अध्यक्ष- विष्णु न्यौपाने, कपिलवस्तु नागरिक समाज अध्यक्ष- दोलख ब. पछाई, नेपाल पत्रकार महासंघ जिल्ला शाखा उपाध्यक्ष- हरि अधिकारी, नेपाल शिक्षक महासंघ नगर अध्यक्ष- अर्जुन शाही, नेपाल राष्ट्रीय शिक्षक संगठन नगर अध्यक्ष- धनु गाहा, नेपाल शिक्षक संगठन नगर अध्यक्ष- कुलराज पौडेल, सामुदायिक वन उपभोक्ता महासंघ नगर अध्यक्ष हुमनाथ भट्टराई, खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ नगर अध्यक्ष विश्व कार्की, कपिलवस्तु सामुदायिक अस्पताल विकास समिती अध्यक्ष- रामजी सेन लगायतको सो कार्यक्रममा आतिथ्यता रहेको थियो सबै वडाका वडा अध्यक्षहरु र नगरसभा सदस्यहरु को उपस्थिती रहेको थियो । विभिन्न

प्रमुख अतिथि राष्ट्रिय सभा सदस्य माननीय बिमला घिमिरे, विशिष्ठ अतिथीहरुमा संविधान सभा सदस्य माननीय डोर प्रसाद पौडेल, संविधान सभा सदस्य माननीय बलराम अधिकारी, संविधान सभा सदस्य माननीय माननीय विश्राम प्रसाद थारु, प्रदेश सभा सदस्य माननीय बिष्णु पन्थी र प्रमुक प्रशासकीय अधिकृत बासुदेव खनाल कार्यक्रममा आसन ग्रहण गर्दै ।

प्रमुख अतिथि राष्ट्रिय सभा सदस्य माननीय बिमला घिमिरेज्यू कार्यक्रमको सफलताको शुभकामना व्यक्त गर्दै ।

नगर प्रमुख मंगल प्रसाद थारु- कार्यक्रमको समापन घोषण गर्दै ।

संचार माध्ययमहरु बुद्ध आवाज टेलिभिजन/ सामुदायिक रेडियो बुद्धा आवाज, रेडियो मायादेवी, रेडियो बाणगंगा, हर्टबिट एफ.एम., बुद्ध दर्पण दैनिक पत्रिका, बुद्ध आवाज राष्ट्रिय साप्ताहिक पत्रिका, लुम्बिनी दर्पण साप्ताहिक पत्रिका, प्रेस पाटी अनलाईन, मायादेवी अनलाईन, बैखरी अनलाईन, लुम्बिनी दर्पण अनलाईन, बाणगंगा अनलाईन लगायत संघ संस्थाहरुबाट आतिथ्यता एवं सहभागी रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि, अतिथीहरुलाई स्वागत नगर प्रवक्ता श्री बिष्णु प्रसाद पौडेलले गर्नुभएको थियो र बजेट तथा कार्यक्रमको साराँश नगर उपप्रमुख श्री चक्रपाणी अर्यालज्यूले सार्वजनिक गर्नुभएको थियो र कार्यक्रमको सञ्चालन वडा नं. ५ का अध्यक्ष एवं सामाजिक विकास समितिका संयोजक श्री भिष्मराज भुसालज्यूले गर्नुभएको थियो ।

कोभिड-१९ को संक्रमण रोकथाम र व्यवस्थापन सम्बन्धी

विश्वभर कोभिड-१९को दोस्रो भेरियन्टको यस बाणगंगा नगरपालिकामा समेत तीव्र रुपमा बढ्दो संक्रमणको बीच यस नगरपालिकामा कोभिड-१९ भाईरसको रोकथाम र संक्रमणबाट श्रृजना हुनसक्ने सम्भावित जोखिमलाई व्यवस्थापन गर्न तथा संक्रमितहरुलाई हौसला प्रदान गरि शिघ्र स्वास्थ्य लाभको कामना गर्दै २०७८ जेष्ठ महिनाको २७ गते देखि नगरको विभिन्न वडाहरुमा होम आइसोलेसनमा रहेका संक्रमितहरु लाई आवश्यक औषधी उपचार, परामर्श तथा उनीहरुको अवस्था बुझ्न नगरपालिका नगरप्रमुख, उपप्रमुख, वडाध्यक्ष, स्वास्थ्यकर्मीहरुको टोलि विभिन्न वडाहरुमा भेटघाट सम्पन्न भएको छ ।

नगरपालिकामा कुल ९७९ जना व्यक्तिहरुको स्वाव संकलन गरी पी.सि. आर. जाँच गरिएको छ । जसमा ५२१ जना संक्रमित देखिएका छन् । त्यसैगरी ३५४ ऐन्टिजेन परिक्षण गरिएको मध्ये १९२ जना संक्रमित रहेका छन् । संक्रमितहरुको उपचारको लागि बाणगङ्गा नगरपालिकाले सिद्धार्थ क्याम्पस, बुङ्चीमा आईसोलेसन संचालन गरेको थियो जसमा कुल ५० जना भर्ना भएका थिए। त्यस मध्ये २१ जना निको भई फर्किएका, २४ जना अन्यत्र रिफर भएका छन । संक्रमित मध्ये ५ जनाको मृत्यु भएको छ । नगर भित्र वडा नं. १ मा ४, २ मा ६, ३ मा ३, ४ मा ६, ५ मा ५, ६ मा १, ७ मा २, ८ मा २७, ९ मा ९, १० मा २ र ११ मा ४ गरी जम्मा ६९ जना व्यक्तिहरु संक्रमित भएका छन् ।

संक्रमितहरूलाई आवश्यक औषधी प्रदान गर्दै स्वास्थ्यकर्मी

संक्रमितहरूको अवस्था बुझ्दै नगर उप प्रमुख चक्रपाणि अर्याल

संक्रमितहरूलाई हौसला, परामर्श र आवश्यक स्वास्थ्य लाभको कामना गर्दै वडा अध्यक्ष एवं स्वास्थ्य कर्मचारी

घरमा आईसोलेसन बसेका संक्रमितहरुलाई स्वास्थ्य सेवा प्रदान गर्दै स्वास्थ्यकर्मीहरु

नगरभित्र विभिन्न संस्थाहरुद्वारा संचालित एम्बुलेन्सको सम्पर्क नम्वरहरु

सि.नं.	संचालक संस्थाहरुको नाम	सम्पर्क नम्बर	चालकको नाम	
१	पिपरा अस्पताल	९८४७०३६५८६	हाल कोभिड संक्रमितहरुको लागि	महामारी अवधिभर एम्बुलेन्स सम्पर्क सम्बन्धी कुनै समस्या परेमा नगरस्तरीय एम्बुलेन्स व्यवस्थापन समितिका संयोजक (नगर प्रवक्ता) बिष्णु प्रसाद पौडेललाई ९८५७०५०५८८ मा सम्पर्क गर्न सकिनेछ ।
२	नेपाल रेडक्रस सोसाईटी-बाणगंगा	९८४७०३३०५३	अन्य विरामीहरुको लागि	
३	शान्ति श्रृजना युवा नेपाल	९८५७०३६४८९		
४	बाणगंगा यातायात व्यवसायी समिति	९८५७०५४२५५		
५	सि एण्ड सि अस्पताल	९८५७०१६४११		
६	कपिलवस्तु जेसिस	९८५७०५००२२		

बाणगङ्गा नगरपालिकाको आ.व. २०७७।०७८ को जेठ महिनासम्मको स्रोतगत खर्च विवरण

क्र.सं.	कार्यक्रम/ अनुदानको नाम	विनियोजित बजेट	खर्च	खर्च प्रतिशत
१	संघीय सरकार सशर्त	४१६५००	२२२८७५	५४
२	संघीय सरकार समानिकरण	१८९१००	१००७३८	५३
३	सामाजिक सुरक्षा	१८००००	१२६८१३	७०
४	संघीय सरकार राजश्व बाँडफाँड	१२८२२३	१३५०९४	१०५
५	स्थानीय पूर्वाधार विकास साझेदारी	२००००	९७१५	४९
६	संघीय सरकार विशेष	१८०००	०	०
७	संघीय सरकार समपुरक	४०००	३५७६	८९
८	सडक बोर्ड नेपाल	३५००	०	०
९	बहुक्षेत्रीय पोषण	१०००	०	०
१०	सूचना प्रविधी	३६६	१०७	२९
११	प्रदेश सरकार राजश्व बाँडफाँड	५००२३	१२६०७	२५
१२	प्रदेश सरकार समपुरक	२००००	१२४०७	६२
१३	प्रदेश सरकार सशर्त	१७८५०	२०४५	११
१४	प्रदेश सरकार विशेष	७०००	३३०	५
१५	प्रदेश सरकार समानिकरण	६२७८	२४५०	३९
१६	जिल्ला समन्वय समिति कपिलवस्तु	५०००	६२३३	१२५
१७	आन्तरिक स्रोत	९१७२५	४८५५१	५३
१८	जनसहभागिता	२५०००	३४४९	१४
	कुल जम्मा	११८३५६५	६८६९९०	५८

कक्षा-८ को स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया सञ्चालन

बाणगंगा नगरपालिकाले गत वर्ष कक्षा ६ र ७ को स्थानीय पाठ्यक्रम "कपिलवस्तु र बौद्ध शिक्षा" निर्माण गरी नगरपालिका अर्न्तगतका कक्षा ६ र ७ सञ्चालित सबै विद्यालयमा लागू गरेकोमा यस वर्ष कक्षा ८ को स्थानीय पाठ्यक्रम सबै पाठ्यपुस्तक "कपिलवस्तु र बौद्ध शिक्षा" को निर्माणका लागि नगरपालिका स्तरीय पाठ्यक्रम निर्माण समितिको पहलमा चैत्र र बैशाखमा छनौट गरिएका विषयवस्तु लेखनका लागि विज्ञ (लेखक) हरुलाई वितरण, संकलन र कार्यशाला संचालन गरी विषयवस्तु लाई अन्तिमरुप दिने कार्य गरियो ।

वडा नं. ६ मा नव निर्मित सडकको अवलोकन गर्दै

बाणगङ्गा मासिक बुलेटीन

सल्लाहकारहरु

श्री मंगल प्रसाद थारु
नगर प्रमुख

श्री चक्रपाणि अर्याल
नगर उपप्रमुख

प्रधान सम्पादक

श्री बासुदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत

सम्पादक/भाषा सम्पादक

श्री बाबुराम भट्टराई
उपसचिव

बुलेटीन सम्पादन मण्डल

श्री केशबराज भट्टराई - शाखा अधिकृत
श्री शान्तराज आचार्य - योजना अधिकृत
श्री सम्राट रेग्मी - सूचना प्रविधि अधिकृत
श्री दिपक थापा - कम्प्युटर अपरेटर
श्री महेश भट्टराई - लेखा सहायक

प्रकाशक:
बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल
सम्पर्क: ०७६-५५०३८३; ०७६-५५०४७९
इमेल: bangangamun@gmail.com
info@bangangamun.gov.np
बेभसाईट: www.bangangamun.gov.np
फेसबुक पेज: HBMBanganga
गुगल प्लस कोड: M5QF+48